**"ॐ वन्दे बालतपस्विनम्"**

श्रीमान् अध्यक्ष एवं पूर्वप्रधानमन्त्रीज्यू,
ने.क.पा एमाले
टुरमुकाम श्री स्वर्गद्वारी आश्रम प्यूठान

**विषयः= श्री स्वर्गद्वारी आश्रमको अवस्था र समस्या सम्बन्धमा**

श्री स्वर्गद्वारी महाप्रभुबाट वि.सं.१९५२ सालको वैशाख पूर्णिमाका दिनदेखि विश्वकल्याणका निमित्त स्थापना भएको श्री स्वर्गद्वारी आश्रम ऐतिहाँसिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको स्थल हो । प्यूठान जिल्लामा अवस्थित यो ऐतिहाँसिक तथा धार्मिक संस्था सामुद्रिक सतहबाट करिब ७००० फिट उचाईको रमणीय शैलशिखरमा रहेको छ । आश्रमले धार्मिक ताथा सामाजिक क्रियाकलापहरूको उन्नयनमा खेलेको भूमिकाबाट समाजका विभिन्न पक्षहरू लाभान्वित हुँदै आएका छन्। सन्तहरूको विशिष्ट तपोवल र निरन्तरको यागादिकार्यबाट पवित्र बनेको यस पूण्य क्षेत्रमा आध्यात्मिक गरीमालाई विशुद्ध रूपमा अनुभूत गर्न र वैदिक सनातन धर्मको मूर्तरूप यज्ञ संस्कृतिको दर्शन गर्न वर्षमा लाखौं श्रद्धालु भक्तजनहरू आउने गर्दछन् ।आश्रमले स्थापनाकालमा नै वैदिक धर्मको प्रमुख स्तम्भ पञ्चशाला (पाठशाला,यज्ञशाला, गोशाला,धर्मशाला र पाकशाला)को सिद्धान्तलाई अवलम्वन गरी त्यसलाई निरवच्छिन्न रूपमा राख्ने कार्यमा तत्पर रहेको देखिन्छ ।तत्कालीन समयमा जे–जस्तो ढङ्गबाट सञ्चालन भएको थियो त्यही र त्यस्तै ढङ्गबाट आज पनि चलिरहनुले पनि आश्रम आफ्ना उद्देश्यमा कटीबद्ध रहेको छ।

स्वर्गद्वारी महामप्रभुले यो अखण्ड महायज्ञसहितको आश्रमलाई निरन्तर सञ्चालन गर्न र सनातन धर्म संस्कृतिको दिगो संरक्षण गर्न आफ्नो झोलिको पैसाले दाङ देउखुरीको विभिन्न स्थानमा वि. सं. १९८० को दशकमा करीब १२०० विगाह खेतीयोग्य जमीन किन्नुभएको थियो जसको अभिलेख आज पनि आश्रमसँग सुरक्षित छ । त्यसैको आधारमा वि.सं. २०३० सालमा उक्त सम्पूर्ण जमीन आश्रमको नाममा दर्ता स्रेस्ता पूर्जा कायम छ। वि.सं. २०४५ सालभन्दा पहिला सो जग्गाको आम्दानीले आश्रमका सम्पूर्ण कार्यहरू निर्बाध चलिरहेका थिए भने त्यसपछि विभिन्न कालखण्डमा भएको राजनीतिक उतारचढाव र द्वन्द्वले आश्रमको जमीन अतिक्रमण गर्ने, कब्जा गर्ने, ठेक कुत नतिर्ने जस्ता गतिविधिले आश्रमको दैनिक कार्य सञ्चालन गर्न कठिनाई पर्न गयो। कानुनीरूपमा आश्रम सबल हुँदाहुँदै पनि विभिन्न राजनैतिक शक्तिको आडमा आश्रमको स्थायी सम्पत्ति माथि भूमाफियाहरूको कुदृष्टिले समस्या थपिदिएको छ। समय समयमा केही स्वार्थी समूहहरूले राज गुठी बनाई आश्रमको जमिन खान खोज्दा सम्मानित सर्वोच्च अदालतमा मुद्दामामिला समेत पर्न गई आश्रमको प्रमाणहरूको आधारमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०६२।१२।१४मा आश्रमका नाममा दर्ताभएका जग्गाहरू नीजि गुठी भई महाप्रभुबाट थालनी भएको अखण्डधुनी महायज्ञ खण्डित हुन नदिन श्री ५को सरकार र गुठी संस्थानद्वारा बेला–बेलामा संरक्षण प्राप्त शिष्य प्रशिष्यद्वारा सञ्चालित विशेष प्रकृतिको नीजि गुठी देखिन आएको भन्ने फैसला समेत भएकाले स्वर्गद्वारी आश्रम

विशेष प्रकारको **नीजि गुठी** हो। यसको संरक्षण गर्न सके नै नेपालको संस्कृति, धर्म, परम्परा र लामो यज्ञ संस्कृतिको संरक्षण हुनेछ। यस आश्रमको मुख्य समस्याहरू निम्न रहेकाले यहाँको ध्यान आकृष्ट गर्न यो निवेदन गर्दछु।

**श्री स्वर्गद्वारी आश्रम प्यूठानका समस्या र आवश्यकताहरू :-**

**१.** स्वर्गद्वारी आश्रममा संरक्षित गाईहरूका लागि व्यवस्थित गौशाला नभएकोले धेरै समस्या रहेको हुँदा करिब १००० गाई अटाउने व्यवस्थित गौशाला निमार्ण गर्नुपर्ने।

**२.** दैनिक दर्शनार्थीहरुको चाप बढेसँगै हालको धर्मशालाहरू अपुग र जीर्ण भएकाले करिब १००० जनालाई व्यवस्थापन हुने गरी आधुनिक धर्मशालाहरू निर्माण गर्नुपर्ने।

**३.** आश्रममा अध्ययनरत आवासीय विद्यार्थी (वटुक) हरूका लागि सुविधा सम्पन्न गुरुकुल भवनको अभाव भएकाले सो को व्यवस्था र अध्ययनका लागि आधुनिक पुस्तकालय भवन निर्माण गर्नुपर्ने।

४. प्यूठान जिल्लामा नै आश्रमको वरिपरि गौचरन तथा अखण्ड यज्ञसञ्चालनका लागि आवश्यक पर्ने समिधा ( दाउरा)को व्यवस्थापनका लागि आश्रमकै स्वामित्त्वमा रहेको करिब २८००० रोपनी जङ्गल क्षेत्रमा विश्वमा नै दुर्लभ मानिएका जीवजन्तु, जडिबुटी र वृक्षहरू पाइन्छन्। हाल उक्त क्षेत्रमा समाजका नराम्रा व्यक्तिहरूको गिद्दे दृष्टिका कारण उक्त दुर्लभ जीवजन्तु, जडिबुटी र वृक्षहरूको नास हुँदै गइरहेकाले प्राकृतिक विनाशको ठुलो संकट टार्न र स्वर्गद्वारी अखण्ड महायज्ञको सहज सञ्चालनका लागी राज्य र आश्रमको सहकार्यमा उक्त धार्मिक वनको संरक्षणमा यथाशीघ्र स्थानिय बिरुवाहरूको नर्सरी आश्रमकै स्वमित्त्वमा रहने गरी निर्माण गर्दै वृक्षरोपण कार्य अगाडी बढाई सो धार्मिक वन (गौ–आरक्षण वन)को संरक्षणका विषयमा उचित कदम चाल्नु पर्ने।

५. असहज मार्गका कारण समय समयमा विभिन्न दुर्घटनाहरु भईरहेको हुँदा दुर्घटना न्यूनिकरणका लागि पूर्वपश्चिम राजमार्ग अन्तर्गत भालुवाङ्, भिङ्ग्री हुदै स्वर्गद्वारीसम्मको मोटर बाटो स्तरोन्नति गर्नुपर्ने, आन्तरिक तथा बाह्य पर्यटकहरू आगमनमा सहजताका साथै स्थानीयहरूको पनि आर्थिक सुदृढीकरणका लागि दाङको घोराही देखि रोल्पाको होलेरी हुदै स्वर्गद्वारीसम्मको करिब ५५ कि. मि. मोटर बाटो कालोपत्रे गर्नुपर्ने।

६. स्वर्गद्वारी आश्रम धार्मिक गन्तव्यको एक उत्कृष्ट गन्तव्य हुँदा हुँदै पनि पर्यटनका पूर्वाधारहरू पर्याप्त मात्रामा पुग्न नसकेको हुँदा पर्यटनका सम्पूर्ण पूर्वाधारहरू पुऱ्याउन पहल गर्नुपर्ने।

७. श्री स्वर्गद्वारी महाप्रभुद्वारा सञ्चालित आश्रम निरन्तर सञ्चालनका लागि आश्रमका नाममा दर्ता स्रेस्ता रहेका दाङ जिल्ला स्थित विभिन्न स्थानमा रहेका जग्गाहरुमा परम्परागत रूपमा भूमि सुधार तथा मालपोत कार्यालय दाङको अभिलेखमा रहेका मोही किसानको उचित निकास निकाली अन्य जग्गाहरु आश्रमले नै प्रयोग गर्ने गरी उचित निर्णय हुनुपर्ने देखिन्छ। वर्तमान अवस्थामा तेस्रो पक्ष जो मोही किसान होइन्त्यस्ता अनधिकृत व्यक्तिहरुले

आश्रमसंग कुनै किसिमको सहमति नै नगरी आफुखुसी प्लटिङ गर्ने, घरायसी कागजमा जग्गा खरिद/बिक्री गर्ने कार्यहरू दिन प्रतिदिन बढ्दै गइरहेको छ। आश्रमका विभिन्न मौजाहरूमध्ये हालको लमही न. पा. अन्तर्गत अर्नहवाको करिब ४० बिगाह जग्गा पूर्ण रूपमा अतिक्रमण भएकोर रामपुर लगायतका अन्य मौजाहरूमा पनि सो कार्य दिनानुदिन तिब्र गतिमा बढ्दै गएको छ। अतिक्रमण रोक्न आश्रमले स्थानीय निकायलाई आग्रह गर्दा पनि सो कार्य नरोकिएकाले अतिक्रमणकारीको मनोबल बढ्दै गएको अवस्था छ। साथै अतिक्रमण गरेर निर्माण गरिने घर टहरा हटाई पाऊँ भनी सम्मानित जिल्ला अदालत, पुनरावेदन अदालतमा मुद्दा दर्ता गरी सम्मानित अदालतबाट आश्रमका जग्गा खाली गरी आश्रमलाई नै भोगचलन गर्नदिनु भन्ने फैसला हुँदा समेत पनि आश्रमले भोगचलन गर्न नपाइरहेको अवस्था छ। आश्रमका केही मौजामा नगरपालिकाबाट समेत लगानी लगाई कृषि बाटोको नाममा नयाँ बाटाहरू खोल्ने कार्य भईरहेको छ। तसर्थ उक्त जग्गाहरूमा भएको अतिक्रमण रोकी आश्रमले नै सो जग्गाहरू भोग चलन गर्ने व्यवस्था गर्नु पर्ने देखिन्छ। विगतमा आएको गुठी विधेयकले न त स्वर्गद्वारीको संरक्षण हुन्थ्यो न त वास्तविक मोही किसानको हुन्थ्यो, हुन्थ्यो त बलजब्ती बन्दकालमा कब्जा गरेर बसेका अनधिकृत व्यक्ति, समूह एवं भूमाफियाहरुको। अतः श्री स्वर्गद्वारी आश्रमका वास्तविक मोही जो भूमि सुधार कार्यालय दाङको लगत, आश्रमको मोही लगत र नापि कार्यालय दाङको फिल्ड बुकमा उल्लेख भएका मोही किसानको न्यायोचित समस्या समाधान गरी अन्य जग्गाको खण्डीकरण नगरी स्वर्गद्वारी आश्रमले नै प्रयोग गर्ने व्यवस्था श्रीमान्अध्यक्ष ज्यू को पहलमा सम्पन्न होस्भन्नेआम आश्रमबासीको चाहना रहेको छ साथै हजुरकै पहलमा सम्पन्न हुने छ भन्ने विश्वास समेत रहेको छ।

८. अन्त्यमा, यस आश्रम संरक्षणका निम्ति कुनै पनि समस्याहरू आईपरेमा महाप्रभुले सरकारसँग जाहेर गर्नु भन्ने आज्ञा भएको थियो। विभिन्न कालखण्डमा आश्रममा आईपरेका समस्याहरूमा सरकारले संरक्षण गर्दै आईरहेको थियो तर विगत केही समय पहिले आएको गुठी विधेयक स्वर्गद्वारी आश्रमको स्वामित्व र आश्रमको परम्परालाई नै समाप्त पार्ने खालको थियो। त्यो कथम्कदाचित् अहिलेलाई टरे पनि अब आइन्दा धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पौराणिक महत्त्व बोकेका यस्ता सम्पदाहरूलाई समाप्त पार्ने, त्यसको अस्तित्व माथि नै सङ्कट उत्पन्न गर्ने खालका कुनै पनि कानुनी प्रावधानहरू राख्न नहुने र यदि कुनै सरकारका पालामा यस्ता प्रावधानहरू आए भने पनि सरकारको नेतृत्व गरी सक्नु भएको र सरकारको महत्त्वपूर्ण जिम्मेवार पदमा रहनु भएको हैसियतले यस्ता कानुनी प्रावधानहरू लागु नगर्न र नबनाउनका लागि खबरदारी गरिदिनु हुन अनुरोध गर्दछु।

– स्वामी श्री ध्यानानन्द गिरि
स्वर्गद्वारी आश्रम,प्यूठान